Sikkim Express 30-06-20

# Golay reaches Passingdong, takes stock of slide damages

**SE Report**

**GANGTOK, June 29:** Chief Minister P.S. Golay on Monday reached Passingdong, Upper Dzongu in North Sikkim and took stock of the damage caused by the Saturday night landslide there.

A massive landslide had caused extensive damage to 19 houses, road and public infrastructure at Passingdong, about 10 km away from Mangan. The 48-odd families have taken shelter at the nearby PHC along Passingdong-Lingthem road.

An IPR release from Mangan informs that the Chief Minister interacted with the Passingdong villagers. He said the residents of Passingdong should be shifted to a safe place as soon as possible as the area is likely to suffer further subsidence.

The Chief Minister directed the Power department to restore power supply in Upper Dzongu and also entire North Sikkim for better communication between the villagers and administration. He instructed the Irrigation department to provide immediate relief and to find permanent solutions for the villagers on war footing. Road & Bridges department should keep road communication open during this monsoon season and also find alternative solutions, he added.





**Chief Minister P.S. Golay at Passingdong, Upper Dzongu. Pics: IPR**

As per the NCRT norms, the 35-affected families of Passingdong were provided with financial assistance by the Disaster Management & Land Revenue department and the north district administration.

The Chief Minister also provided Rs. 2 lakh to each damaged house from the Chief Minister Relief Fund, the IPR release mentions.

As the Passingdong secondary school has been damaged extensively, the local people demanded that the classes be shifted to the nearby junior high school as a combined education till things get better.

The Chief Minister directed the Education department to provide combined education as demanded by the local people.

Later, the Chief Minister also visited the old Mangan area where people are living in constant threat of landslides especially during monsoon. Old Mangan and Mangan SNT complex situated in sinking zone has become a landslide-prone area.

The Chief Minister directed the concerned department to set up a proper drainage system and surface water should be diverted to the river to prevent landslide.

Summit Times 30/06/20

# CM provides cash relief Passingdang flashflood victims



**WANGCHUK BHUTIA**
**DZONGU, 29 JUN:**

Chief Minister, PS Tamang today took stock of damages in Passingdang, Dzongu, North Sikkim which was hit by a flashflood on Saturday night. He visited houses damaged by the flood and Passingdang School building.

A total of 13 families affected by the flashflood in Passingdang were provided relief amount of Rs. 1,01,900 from National Calamity Relief Fund. The Chief Minister also handed over the relief amount of Rs 2 lakh each from the CM's Relief Fund to 48 houses.

The CM directed the concerned department to conduct survey on damaged houses. Highlighting on the damages in Passingdang school, the CM sought the advice from people and the concerned engineers where it was decided that the said school will run at Lingthem JHS for the time being.

The CM stated that he does not hold grudges and will work with the people for the development of Dzongu regardless of party affiliations. He also directed the Roads & Bridges Department to immediately restore road connectivity.

Mentioning that the alternate road of Mantam lake has been approved, he directed the Area MLA to identify an able contractor for the work.

The Area MLA, Pintso Namgyal Lepcha highlighted the damages caused by the flashflood and incessant rain in Dzongu.

The public of Passingdang have submitted the demand for relocation of the village to a safer location as they feel that the village is no longer safe for human habitation.

DM North, TT Kaleon underlined the relief and restoration measures.

The people of Dzongu and Passingdang thanked the Chief Minister for visiting the affected areas within 48 hours despite landslides and road blockage.

The CM was accompanied by cabinet ministers, Lok Sabha MP, Indra Hang Subba, head of the various departments and other officials.

## मुख्यमन्त्रीद्वारा जङ्गूको पासिङदाङ पैह्रोग्रस्त क्षेत्रको भ्रमण

# पैह्रो पीड़ितको जनजीवनलाई मुख्यधारामा ल्याउन विभागले युद्धस्तरमा काम गर्नुपर्छः मुख्यमन्त्री



**गान्तोक, २९ जूनः** भीषण भल पैह्रोले प्रभावित बनेका अप्पर जङ्गुको पासिङदाङ गाउँका ४८ परिवारलाई आज मुख्यमन्त्री पीएस गोले स्वंयले तत्काल राहत राशि प्रदान गरे। भल पैह्रो प्रभावित क्षेत्रको भ्रमण गर्न मुख्यमन्त्री मन्त्रीमण्डलका सदस्यहरू र सम्बन्धित विभागका उच्च अधिकारीहरूको साथमा आज पासिङदाङ गाउँ पुगेका थिए। प्राकृतिक आपदाको चपेटमा परेको ४८ घण्टा नबित्दै यसरी सरकार नै आफ्नो गाउँमा आएको देख्दा स्थानीयवासीहरूमा राहत र खुशीको लहर छाएको थियो भने उनीहरूले यसका निम्ति मुख्यमन्त्रीलाई धन्यवाद दिए। प्राप्त जानकारीअनुसार आज मुख्यमन्त्रीको खाम्दोङमा असार पन्ध्रको एउटा सांस्कृतिक समारोहमा सहभागिता जनाउने कार्यक्रम थियो तर त्यसलाई पन्साएर उनी पासिङदाङ पुगेका थिए। पैह्रोको कारण मंगन र जङ्गु बीचको चाँदे र सामलङ्मा सड़क मार्ग अवरुद्ध भएको थियो। यस्तो अवस्थामा मुख्यमन्त्री ठाउँ-ठाउँमा पैदल हिँड़ेर पासिङदाङ गाउँसम्म पुगे।

उल्लेखनीय छ, गत २७ जूनको साँझ करिब ७ बजी उतर सिक्किमको जङ्गु निर्वाचन क्षेत्रअन्तर्गत पासिङदाङ गाउँमा भीषण भल पैह्रो गएको थियो जसमा धेरैवटा घर साथै पासिङगदाङ सेकेण्डेरी स्कूललाई व्यापक क्षति पुगेको छ। यस घटनामा कूल ४८ परिवार आंशिक एवं पूर्णरुपले प्रभावित बनेको छ जसलाई आज मुख्यमन्त्री पीएस गोले, भू-राजस्व एवं आपदा मन्त्री केएन लेप्चा र क्षेत्र विधायक पिञ्चो नामग्यल लेप्चाको बाहुलीबाट तत्काल राहत राशिको चेक प्रदान गरियो। प्रभावित परिवारहरूलाई तत्काल राहतको रुपमा जिल्ला प्रशानको पक्षबाट १ लाख १ हजार ९ सय रुपियाँ र मुख्यमन्त्री राहत कोषबाट २-२ लाख रुपियाँ प्रदान गरियो। पछि सम्बन्धित विभागले वस्ताविक क्षय-क्षतिको आंकलन गरेर पूर्ण राहत राशि प्रदान गरिने मुख्यमन्त्री गोलेले गाउँलेहरूलाई सम्बोधन गर्दै भने। यो तत्काल राहत राशि मात्र हो। हामी कसैलाई पनि नछुटच्याइ सबै प्रभावित ४८ परिवारलाई तत्काल राहत राशि प्रदान गर्दैछौं। पछि आङ्शिक एवं पूर्णरुपे प्रभावित परिवारको क्षय-क्षतिको आमलन गरेर पूर्ण राहत राशि प्रदान गरिनेछ, उनले भने। आज आफ्नो खामदोङमा एउटा राज्यस्तरीय कार्यक्रम हुँदा हुँदै पनि यस प्राकृतिक आपदा आइपरहेको समय जङ्गुवासीको साथमा हुनु महत्वपूर्ण ठानेर मन्त्रीमण्डलका साथीहरू र सम्बन्धित विभागका उच्च अधिकारीहरूको साथमा यहाँ उपस्थित भएको उनले थप बताए। यसरी मुख्यमन्त्री आफै मन्त्रीहरू र अधिकारीहरूको साथमा आएर घट्नास्थलको भ्रमण गर्दा राहत र पुनर्स्थापनाको काम छिटो हुनेछ। फेरि केन्द्र सरकारले पनि जङ्गुको यस प्राकृतिक आपदाको घटनालाई लिएर रिपोर्ट मागिरहेको छ। मैले केन्द्र सरकारलाई आफै घटनास्थलको भ्रमण गरेर रिपोर्ट दिन्छु भनेको छु। केन्द्र सरकारलाई पनि म यसरी हाम्रो राज्यलाई लिएर चिन्ता जताएकोमा धन्यवाद दिन चाहन्छु, मुख्यमन्त्रीले भने।

मुखयमन्त्री गोलेले आज सर्वप्रथम भल पैह्रोले क्षतिग्रस्त बनाएको पासिङ्गदाङ सेकेण्डरी स्कूलको भ्रमण गरे। क्षेत्रमा घरिघरि यसरी नै प्राकृति आपदा आउने गरेकोले त्यस स्कूललाई मरम्मत गर्नुको सट्टा अन्य स्थानमा सार्नु उचित रहेको बताउँदै यहाँका विद्यार्थीहरूलाई अहिलेलाई लिङ्तेम जुनियर हाइस्कूलमा अध्ययन गराउने पछि कुनै पाइक परेको ठाउँमा नयाँ स्कूल बनाउने उनले सुझाउ दिएका छन्। यसरी नै गाउँलेहरूको पक्षबाट सिङ्गो गाउँलाई नै सुरक्षित स्थानमा पुनर्स्थापना गर्ने माग पनि राखिएको थियो जसलाई सरकारले गम्भीरतासित लिने मुख्यमन्त्रीले बताए। यसको निम्ति गाउँलेहरूले एक मत भएर निर्णय लिने र आवश्यक ठाँउको चयन गरेर सरकारमा प्रस्ताव पठाउने मुख्यमन्त्रीले अपील गरेका छन्।

एसकेएम सरकारको कुनै पूर्वाग्रह नराखी राज्यका सबै क्षेत्र, जाति र वर्गको विकास गर्ने नीति रहेको मुख्यमन्त्री गोलेले आज आफ्नो सम्बोधनमा बताए। उल्लेखनीय छ,

▶ रहल पाता ४-मा

हाम्रो प्रजाशक्ति ३०/०६/२०

# मुख्यमन्त्रीद्वारा जङ्गूको पासिङदाङ...

गत चुनाउमा जङ्गु क्षेत्रबाट एसकेएम पार्टीले हारको सामना गर्नुपरेको थियो। आफ्नो पार्टी हारेको क्षेत्रमा प्रायः मुख्यमन्त्री आउँदैनन्। कसैले त सुखौरो लगाउँछु नै भन्छन्। तर, हामी कुनै पूर्वाग्रह नराखी सम्पूर्ण राज्यको विकास गर्न चाहन्छौं। म सधैंभरिको निम्ति मुख्यमन्त्री पदमा रहन्न। तर, सिक्किमे जनताले जबसम्म मलाई यस कुर्सीमा राख्छ तबसम्म इमान्दारितासित कसैलाई नछुट्याइ सबैको समान विकास गर्नेछु। हाम्रो सरकारको प्राथमिकता जङ्गु जस्तो ग्रामीण क्षेत्रको विकास गर्नु हो। पहिले नै विकसित क्षेत्रलाई किन विकास गरिबस्नु?, उनले भने। आफ्नो सम्बोधनको क्रममा मुख्यमन्त्री गोलेले मान्तम पैह्रोको कारण मुख्यधाराबाट काटिएका उप्पर जङ्गुको निम्ति सरकारले वैकल्पिक सड़क निर्माण गर्ने प्रस्तावलाई मञ्जुरी प्रदान गरिसकेको जानकारी गराए। यसको साथै पैह्रो प्रभावित क्षेत्रमा जनजीवनलाई पुनः मुख्यधारामा ल्याउन सबै सम्बन्धित विभागलाई युद्धस्तरमा काम गर्ने पनि मुख्यमन्त्रीले निर्देश दिएका छन्।

यस अवसरमा स्थानीयहरूले पनि मुख्यमन्त्री समक्ष आफ्ना कुराहरू राखे। यसै क्रममा क्षेत्रका एकजना सचेत युवक तथा सामाजिक कार्यकर्ता ग्याछो लेप्चाले जङ्गुमा मात्र नभएर सम्पूर्ण उत्तर जिल्लामा नै भौगोलिक परिस्थितिको कारण कसैले घर बनाउँदा तथा कुनै पनि परियोजना लगाउँदा यहाँको माटोको वहन क्षमता कति छ भनेर जान्नु आवश्यक छ भन्दै यसको निम्ति सरकारको माइन्स एण्ड जियोलोजिकल विभागले सम्पूर्ण जिल्लाको नै सर्वेक्षण गरेर फिजिबिलिटी रिपोर्ट तयार पार्नुपर्ने कुरामा जोर दिए। मुख्यमन्त्रीले यस बारेमा सरकारले गम्भीरतासित पहल गर्ने बताए।

आज मुख्यमन्त्री गोलेको साथमा भू-राजस्व एवं आपदा प्रवन्धन मन्त्री केएन लेप्चा, सिँचाइ मन्त्री भीमहाङ सुब्बा, ग्रामीण प्रवन्धन एवं विकास मन्त्री सोनाम लामा, वन मन्त्री कर्मा लोडे, शहरी विकास एवं आवास मन्त्री अरुण उप्रेती, सड़क एवं पुल मन्त्री सामडुप लेप्चा, लोकसभा सांसद इन्द्र हाङ सुब्बा, मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङ साथै सम्बन्धित विभागका उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो।